# स्थानीय राजपत्र

## माडी गाउँपालिका

**घर्तीगाउँ, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल**

**खण्ड : २ संख्या : १ स्थानीय राजपत्र भाग : १ मिति २०७५।०३।३१**


# माडी गाउँपालिकाको विनियोजन ऐन, २०७५

माडी गाउँपालिकाको आर्थिक वर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना :**

गाउँपालिलकाको आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप (धारा (२) बमोजिम माडी गाउँ सभाले यो ऐन बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम "माडी गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७५/०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :

(१) आर्थिक वर्ष २०७५/०७६ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लेखित चालु खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. २६५२१७६४० (अक्षरेपी छव्वीस करोड बाउन्न लाख सत्र हजार छ सय चालीस मात्र) नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. विनियोजन :

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/०७६ को निमित्त माडी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर, चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची- १

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | |
| १ | | अन्तरिक आय | ४३४००० | १३०२००० | १७३६००० |
| २ | | वित्तिय समानीकरण**संघीय सरकार** | ०० | ६७५००००० | ६७५००००० |
| | | वित्तिय समानीकरण**प्रदेश सरकार** | ०० | ४०७५००० | ४०७५००० |
| | | **राजस्व बाँडफाँड संघीय सरकार** | ४१५३८६४० | १४५४४३६० | ५६०८३००० |
| | | **राजस्व बाँडफाँड प्रदेश सरकार** | ८५१००० | २५५३००० | ३४०४००० |
| ३ | | ससर्त अनुदान**संघीय सरकार** | ९००००००० | ०.०० | ९०००००00 |
| | | ससर्त अनुदान**प्रदेश सरकार** | ०० | ९६००००० | ९६००००० |
| ४ | | गत वर्षको अल्या. | | | |
| ५ | | सामाजिक सुरक्षा भत्ता | २५७०००००० | ०.०० | २५७०००००० |
| | | **घाटा** | | ७११९६४० | ७११९६४० |
| | | कुल जम्मा | १५८५२३६४० | १०६६९४००० | २६५२१७६४० |

आज्ञाले,

**गोविन्द भट्टराई**

प्रमुख प्रशासकीय अधिकृत